राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय

२०८० असार ०८ गते शुक्रबार विहान ११:०० बजे बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको आ.ब. २०७९/०८० को चौधौं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :

**निर्णय नं. १**

विगतका बैठकका निर्णयहरुको समिक्षा तथा कार्यान्वयन हुन बाँकि निर्णयहरुलाई यथाशीघ्र कार्यान्वयन गर्ने ।

**निर्णय नं. २**

नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकारको प्रयोगमार्फत जनतालाई नियमित, आकस्मिक र विकासात्मक सेवा प्रवाह गर्न गाउँपालिकाले जारी गर्ने कुनैपनि नीति वा सोको संशोधन गाउँ कार्यपालिकाले स्वीकृत गरी गाउँसभा समक्ष पेश गर्ने कानूनी व्यवस्था भएबमोजिम कार्यपालिका अन्तर्गको विषयगत समितिहरुको बैठकमा छलफल भई तयार भएको मस्यौदा स्वीकृत गरी सो नीति तथा कार्यक्रमलाई आगामी आ.ब. २०८०/०८१ को नीति तथा कार्यक्रम स्वीकृत गरी पारित गर्ने सम्बन्धी प्रस्ताव को रुपमा गाउँ सभा समक्ष पेश गर्ने ।

**निर्णय नं. ३**

गाउँसभाको तेह्रौं अधिवेशनपश्चात विभिन्न मितिमा बसेको गाउँ कार्यपालिकाको बैठकले गरेको बजेट संशोधन लगायका सम्पूर्ण निर्णयहरु र खर्च अनुमोदन गर्ने सम्बन्धी प्रस्ताव गाउँ सभा समक्ष पेश गर्ने ।

**निर्णय नं. ४**

गाउँपालिकाको क्षेत्राधिकार अन्तर्गतको कर तथा गैरकर राजश्वको दर र दायरामा हेरफेर, थपघट गरि गाउँपालिकाको राजश्व प्रणालीलाई नियमित, व्यवस्थित र समयानुकुल सुधार तथा परिमार्जन गर्न तर्जुमा गरिएको आर्थिक विधेयक, २०८० माथि छलफल गरी पारित गर्ने सम्बन्धी प्रस्ताव गाउँसभा समक्ष पेश गर्ने ।

**निर्णय नं. ५**

गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनको लागि गाउँपालिकामा प्राप्त हुने वित्तीय स्रोतहरुको पूँजीगत, चालु र वित्तीय व्यवस्था सम्बन्धी खर्चहरुमा वर्गीकरण गरि कार्यान्वयन गर्न तर्जुमा गरिएको विनियोजन विधेयक २०८० माथि छलफल गरी पारित गर्ने सम्बन्धी प्रस्ताव गाउँसभासमक्ष पेश गर्ने ।

**निर्णय नं. ६**

गाउँपालिकाको हालसम्मको वेरुजु नियमित गरी संपरिक्षणको लागि महालेखापरिक्षकसमक्ष अनुरोध गर्ने सम्बन्धि प्रस्ताव गाउँसभासमक्ष पेश गर्ने ।

**निर्णय नं. ७**

गाउँपालिकाको वार्षिक कार्यक्रम तथा आगामी आ.व. २०८०/०८१ को राजश्व तथा व्ययको अनुमान (बजेट) माथि छलफल गरि पारित गर्ने सम्बन्धि प्रस्ताव गाउँसभासमक्ष पेश गर्ने ।

**निर्णय नं. ८**

गाउँपालिका कार्यालयको स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार स्वीकृत दरवन्दी बमोजिम गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको आ.व. २०७९/०८० को तलबी प्रतिवेदन पारित गर्ने सम्बन्धि प्रस्ताव गाउँसभा समक्ष पेश गर्ने ।

द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कैनपुर, मकवानपुर
बागमती प्रदेश, नेपाल

देव चन्द्र गलौला
प्रमुख प्रशासकीय अधिकृत